# याङवरक गाउँपालिका

# गाउँ कार्यपालिका

## निर्णय सार्वजनिक

बैठक मिति : २०८३/०५/२६ गते                                  बैठक संख्या : १३५-०२-२०८३/०८४

निर्णयहरुको संक्षीप्त विवरण :

१. यस याङवरक गाउपालिका गाउँ कार्यापालिकाको आ.व. २०८२/०८३ को अन्तिम लेखा परिक्षण महालेखा परीक्षकको कार्यालयबाट खटि आउनुहुने डोर समक्ष गराउने ।

२. याङवरक गाउँपालिकाको शिक्षा ऐन २०७६ मा व्यवस्था भए अनुसार हाल गाउँपालिका अध्यक्षको अध्यक्षतामा पदेन बाहेक तपशिलका व्यक्तिहरुलाई गाउँ शिक्षा समितिमा मनोनित गर्ने ।

   क. वि.व्य.स. अध्यक्ष- कुल बहादुर परामावो- थर्पु माध्यमिक विद्यालय

   ख. समाजसेवी/ शिक्षाप्रेमी वा चन्दादाता- बल बहादुर नेपाली याङवरक १, कल्पना लोहार याङवरक ६, राम कुमार योङहाङ याङवरक ६

   ग. विद्यालय प्र.अ. वा शिक्षक (महिला) पूर्णमाया तावा – सरस्वती आ.वि. याङवरक ५

   घ. शिक्षाविद – प्रेम बहादुर दाहाल – प्र.अ. थर्पु मा.वि.

३. स्थानीय शासन कार्यसम्पाद मूल्याङ्कन कार्यविधी २०८२ को बमोजिम यस गाउँपालिकाको आ.व. २०८२/०८३ कार्यसम्पादन स्वमूल्याङ्कनलाई गुणस्तरण परिक्षणको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत जिल्ला समन्वय समिति पाँचथरमा पठाउने ।

४. भोटेकोशी नदीमा आएको बाढी तथा नदी कटानबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले याङवरक गाउँपालिकाको तर्फबाट प्रधानमन्त्री राहत कोषमा रु. ३,५१,०००।– (अक्षरेपी तीन लाख एकाउन्न हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

५. प्रदेश लोक सेवा आयोगको, कोशी प्रदेश, विराटनगरकको च.नं. १०० मिति २०८३/०५/१६ को पत्रानुसार यस गाउँपालिकाको रिक्त पदहरुको माग आकृति पठाउने ।